नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
(आर्थिक प्रशासन शाखा)

फोन नं. ४२०००००
४२००२८७
सिंहदरवार, काठमाण्डौ

प.सं. २०७३/०७४
च.न ११.३ ५२३

मिति :- २०७४/०१/२८

विषय :- *वैठकको निर्णय कार्यान्वयनका लागि पठाइएको वारे ।*

श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग,
पुल्चोक, ललितपुर ।
श्री केन्द्रीय पञ्जिकरण विभाग,
ववरमहल, काठमाण्डौ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, सवै ।
श्री महानगर/उपमहानगर/नगरपालिका सवै ।
श्री जिल्ला प्राविधिक कार्यालय, सवै ।
श्री आयोग/समिति/प्रतिष्ठान/केन्द्र/कार्यक्रम/आयोजना सवै ।

प्रस्तुत विषयमा मिति २०७४ वैशाख २२ गते श्रीमान् सचिवज्यूको अध्यक्षतामा वसेको यस मन्त्रालय र मातहतका निकायहरुको वेरुजु फछ्र्यौट सम्वन्धी वैठकको निर्णयको पाना १ यसैसाथ संलग्न छ । सो अनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

(वसन्त राज पौडेल)
**लेखा अधिकृत**

**वोधार्थ :**
श्री सूचना तथा विद्युतीय शासन शाखा,
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय :
मन्त्रालयको Web Site मा राखिदिनुहुन ।

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

मिति २०७४।०१।२२ गते शुक्रबारका दिन श्रीमान् सचिबज्यूको अध्यक्षतामा मन्त्रालय र मातहत निकायहरुबीच भएको बेरुजु सम्बन्धी बैठकको निर्णयहरु

१ २०७४ ज्येष्ठ २० गते भित्र सबै आयोजना/कार्यक्रमहरुको जो/जे गर्नु पर्ने हो गरी सघन ढंगले तदारुकताका साथ बेरुजु फछ्र्यौट गर्ने ।

२ बिभिन्न योजना र कार्यक्रमहरुको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा अहिलेसम्म के कस्तो प्रकृतिको बेरुजु निस्केको छ ? सो खुलाई आगामी दिनमा यस्तो प्रकृतिको वेरुजु आउन नदिन रणनीति तयार गर्ने ।

३ मन्त्रालय अन्तर्गत निकायहरुमा सामाजिक सुरक्षाको पेश्की वेरुजु सम्वन्धमा निर्देशिकामा उल्लेख भए अनुसार समयमा नै पेश्की फछ्र्यौट गर्नु पर्नेमा धेरै जसो कार्यालयहरुमा गत बिगत वर्षहरु कै सामाजिक सुरक्षा भत्ताको पेश्की बाँकी भएको देखिएकोले त्यस्तो पेश्की वेरुजु २०७४ साल जेष्ठ १५ गते भित्र पेश्की फछ्र्यौटको लागि आवश्यक कारवाही अगाडी वढाउने र सो समय भित्र पनि पेश्की फछ्र्यौट नगर्ने र कारवाही अगाडी नवढाउनेलाई नियमानुसार कारवाही हुने हुँदा समयमा नै कारवाही अगाडी वढाई पेश्की फछ्र्यौट गरी संपरिक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा अनुरोध गरी यस मन्त्रलयलाई जानकारी दिने ।

४ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ अनुसार चालु आ.व. २०७३।०७४ को सवै पेश्की लिएको रकम प्रत्येक चालु आर्थिक वर्षको असार २१ गते भित्र सम्वन्धित गाऊँपालिका/नगरपालिकाले पेश्की फर्छ्यौटको लागि जिल्ला समन्वय समितिमा पठाउने र जिल्ला समन्वय समितिले असार २६ गते भित्र पेश्की फछ्र्यौट गरिसक्ने र तोकिएको समयमा फाँटवारी पेश गरी पेश्की फर्छ्यौट नगराउनेलाई आवश्यक कारवाही अघि वढाउने ।

५ पेश्की बेरुजुको सम्बन्धमा पदाधिकारी र कर्मचारीहरुको हकमा कार्यरत भए तलव भत्ताबाट तत्काल कट्टा गरि दाखिला गर्न लगाउने अन्यको हकमा तिर्नु पर्ने सबैलाई समय र ऐन नियमका कुरा खुलाई पत्राचार गर्ने त्यति गर्दा पनि असूल फछ्र्यौट हुन नसकेमा सार्वजनिक सूचना मार्फत सार्वनजिक गरेर असुल फछ्र्यौटको प्रकिया अगाडि बढाउने ।

६ कुनै कर्मचारीले कुनै निकायमा तिर्नु बुझाउनु पर्ने पेश्की तथा बाँकी रकम नबुझाई अन्यत्र गएको भए सरुवा भएको कार्यालयमा पत्राचार गरी त्यस्ता बेरुजुको हकमा सामान्य प्रशासन महाशाखाले तलब भत्ता रोक्का गरी असूल गर्न पत्राचार गर्ने कार्य गर्ने।

७ २०७४ जेष्ठ २० गते भित्र सबै निकायहरुले आ-आफ्नो बेरुजु महालेखा परीक्षकको कार्यालय र मन्त्रालयसँग भिडान गरी अद्दावधिक गर्ने । विद्यमान अवस्थामा रहेको बेरुजु फर्छ्यौटको प्रतिशत र आगामी दिनमा तोकिएको लक्षित प्रगति पुर्याउनको लागि बेरुजु फर्छ्यौट सम्बन्धी कार्ययोजना बनाई मन्त्रालयमा पठाउने र सो अनुसार कार्य गरी नियमित प्रतिवेदन गर्ने ।

८ २०७४ जेठ २० गते भित्र ५० प्रतिशत बेरुजु फर्छ्यौट नगर्ने कार्यालयहरुको हकमा कारवाही प्रकृया अगाडी बढाई सघन रुपमा बेरुजु फर्छ्यौट गराउनको लागि आवश्यक कारवाही अघि वढाउने ।

९ कार्यलयले वेरुजुको प्रकृति स्पष्ट खुलाई कुल बेरुजु मध्ये असुल/नियमित गर्ने खुलाई प्रमाणको एकिन विवरण राख्नुपर्ने साथै कार्यालय/कार्यक्रम/आयोजनाको वेरुजु महालेखा परीक्षकको कार्यालयको बेरुजु लगतसँग भिडान गरी मन्त्रालय सँग लगत अद्यावधिक गर्नुपर्ने ।

१० अर्को बैठक ज्येष्ठको प्रथम हप्तामा उपयुक्त समयमा वस्ने गरी आर्थिक प्रशासन शाखाले समय मिलाई जानकारी गराउने ।

दिनेश कुमार थपलिया
सचिव